# देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### देवानगञ्ज, सुनसरी
### १ नं प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६/०३/०२**

यस कार्यालयबाट तपसिल बमोजिमको कार्य सिलबन्दी दरभाउपत्रद्वारा गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजतपत्र प्राप्त इच्छुक नेपाली अधिकृत बिक्रेता (डिलर) वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु**

१. सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु. १,०००/०० दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयमा बुझाई अध्यावधिक नवीकरण गरिएका दर्ता भएका प्रमाणपत्र, मू.अ.क. सहितको स्थायी लेखा नम्बर प्रमाणपत्र, आ.व. ०७४/०७५ को कर चुक्ताको प्रमाणपत्र प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई यस कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्र प्रष्टसँग भरी प्रत्येक पानामा सहीछाप गरी लाहाछाप लगाई सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र काम प्रष्टसँग लेखी १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

३. एक कम्पनी, डिलरको नाममा खरिद भएको दरभाउपत्र फाराम अर्को कम्पनी, डिलरको नाममा दाखिला गर्न पाइनेछैन ।

४. जमानत वापतको धरौटी रकम तपसिलमा उल्लेख भए बमोजिम खोलिने मितिदेखि गणना हुने गरी ७५ दिन मान्य अवधि रहने गरी नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत वा देवानगञ्ज गाउँपालिका, देवानगञ्जको राष्ट्रिय वाणिज्य बैंक, इनरुवास्थित धरौटी खाता नं. २२२०३०३००७१०८ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।

५. दरभाउपत्रदाताले BOQ को अंक र अक्षर दुवैमा अनिवार्य रुपमा दररेट मू.अ.क. सहित स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । दरभाउपत्रदाताले बोल कबोलको अन्तिम जोड जम्मा अंक उल्लेख गर्नुपर्नेछ । केरमेट भएमा दरभाउपत्रदाताको सहीछाप भएको हुनुपर्नेछ ।

६. प्रचलित नियमानुसार रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. सामाग्री यस कार्यालयको हाताभित्र आपूर्ति गर्नुपर्नेछ । साथै ढुवानी खर्च सम्वन्धित दरभाउपत्रदाताले व्यहोर्नुपर्नेछ ।

८. ग्याँस सिलिण्डरको धरौटी वापतको रकममा मू.अ.क. लाग्नेछैन ।

९. दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन र दरभाउपत्र खोलिने दिन बिदा परेमा सोको भोलीपल्ट वा बिदा पछि कार्यालय खुलेको दिन तोकेको समयमा नै हुनेछ ।

१०. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

११. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

**सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण**

| सि.नं. | दरभाउपत्र नं. | कूल लागत अनुमान (मू.अ.क. सहित) रु. | खरिद सम्बन्धी विवरण | धरौटी रकम कबोल अंकको | कैफियत |
|---|---|---|---|---|---|
| १. | ४/०७५/०७६ | ६,६८,०८५/०० | १२५ थान एल. पी. ग्याँस सिलिण्डर, १२५ थान ग्याँस चुल्हो, १२५ थान ब्रास बर्नर, १२५ थान ग्याँस प्लास्टिक पाइप, १२५ थान ग्याँस रेगुलेटर तथा १२५ थान ग्याँस लाइटर | २.५ प्रतिशत | Gas cylinder Nepal authority of gas company, Chulo-Surya of equivalent double stove, Brass burner |

प्रमुख प्रशासकीय अधिकृत

त्रिलोचन न्यौपाने

२०७६/३/२